# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. नेपालद्वारा UNNATI-Access to Finance Challenge Fund को शुभारम्भ

गभर्नर डा. चिरंजीबि नेपालले UNCDF द्वारा आयोजित UNNATI-Access to Finance Challenge Fund को फागुन ५ गते एक कार्यक्रम बीच संयुक्त रुपमा शुभारम्भ गर्नुभयो ।




उक्त कार्यक्रममा गभर्नर डा. नेपालले समुद्घाटन मन्तव्य राख्नुहुँदै डेनमार्क राजदुतावास र UNCDF ले UNNATI-Access to Finance Project मार्फत नेपाल सरकारलाई गरिबी घटाउन गरेको सहयोग प्रति कृतज्ञता व्यक्त गर्नुभयो । सो क्रममा उहाँले नेपालमा दुई तिहाई जनसंख्या कृषि क्षेत्रमा निर्भर रहेको, बेरोजगारी समस्या रहेको, अपर्याप्त पूर्वाधार रहेको हुनाले वित्तीय समावेशीकरण नेपालको आवश्यकता भएको धारणा राख्नुभयो ।

गभर्नर डा. नेपालले नेपाल राष्ट्र बैंकले A2F Project अन्तरगत गरेको अध्ययनको तथ्याङ्क माथी प्रकाश पार्दै वित्तीय संस्थाहरु अझपनि गरिब जनताको पहुँचबाट पर रहेको उल्लेख गर्नुहुँदै पहुँच वृद्धिका लागि ग्रामीण भेगका वासिन्दाहरुसम्म वित्तीय साक्षरता कार्यक्रमहरु लग्नु आवश्यक रहेको औंल्याउनु भयो। सोही क्रममा उहाँले २५ प्रतिशत नेपालीहरु गरिबीको रेखा मुनि रहेको र ग्रामीण भेगमा रोजगारीका अवसरहरुको अभाव रहेकाले बचत गर्ने बानीको विकास गर्दै उद्यमशीलता तर्फ उन्मुख गराउन पनि ग्रामीण भेगमा बैंक तथा वित्तीय संस्थाहरुको उपस्थिति आवश्यक रहेको उल्लेख गर्दै बैंक तथा वित्तीय संस्थाहरुले नविनतम प्रविधि अपनाउन जरुरी रहेको वताउनुभयो ।

गभर्नर डा. नेपालले UNCDF को सहयोगमा नेपाल राष्ट्र बैंकले कार्यान्वयन गर्दै आएको UNNATI-Access to Finance Project ले शुरु गरेको Challenge Fund ले बैंक तथा वित्तीय संस्थाहरुलाई ग्रामीण क्षेत्रमा सेवा विस्तार गर्न हौसला प्रदान गर्नुका साथै नविनतम प्रविधिको प्रयोग गरी सेवा विस्तार गर्न मद्दत पुऱ्याउने धारणा व्यक्त गर्नुभयो ।

बैंक तथा वित्तीय संस्थालाई Matching Grants उपलब्ध गराउन ल्याइएको सो Challenge Fund उपयोग गर्दै नयाँ बिजिनेस मोडेल मार्फत ग्रामीण तथा कृषिमा आश्रित जनसंख्याको आवश्यकता पूरा गर्न बैंक तथा वित्तीय संस्थाहरु सफल रहने विश्वास समेत गभर्नर डा. नेपालले व्यक्त गर्नुभयो ।

लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक डा. बिनोद आत्रेयले स्वागत मन्तव्य राख्नुभएको उक्त कार्यक्रममा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशकहरु, विभिन्न बैंक तथा वित्तीय संस्था एवं अन्य संघसंस्थाहरुका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

२०७२ फागुन ५, बुधबार

गभर्नरको कार्यालय